# आधुनिक नेपाली मूर्तिकला : सन्दर्भ ऐतिहासिक सैनिक स्मारक मूर्तिहरू

ओम खत्री

## लेखसार

**नेपालमा मूर्तिकलाको समृद्ध र उत्कृष्ट परम्परा रहिआएको छ। हामीसँग शास्त्रीय परम्परामा आधारित मूर्तिकलाको गौरवशाली इतिहास रहेको छ भने समसामयिक मूर्तिकलाको क्षेत्रमा पनि नेपाली मूर्तिकारहरूले उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। प्रस्तुत लेख आधुनिक नेपाली मूर्तिकलाका प्रकरणमा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण सैनिक स्मारक मूर्ति रचनाहरूबारे केन्द्रित रहेको छ।**

## विषय प्रवेश


आधुनिक नेपाली मूर्तिकलाको आधार खोतल्दा यसको सुरुआत सालिकहरूबाट भएको बुझिन्छ। यस अगाडि बनेका पोट्रेट वा सालिकहरू सबै परम्परागत नेपाली शैलीमा बनेका छन्। हामीकहाँ पश्चिमा एकेडेमिक कलाको आधिकारिक रूपमा प्रवेश राणा प्रधानमन्त्री जङ्गगबहादुर राणाको बेलायत भ्रमण र इस्ट इन्डिया कम्पनीसँग नेपालको सम्बन्ध विस्तार भएपछि भएको मान्न सकिन्छ।

नेपालमा सैनिक स्मारक मूर्तिहरूको चर्चा गर्दा देश देशान्तरमा नेपाली गोरखा सैनिकको बहादुरीलाई कदर गर्दै विभिन्न समय र स्थानमा सैनिक स्मारकहरू निर्माण भएको पाइन्छ। पश्चिमा यथार्थवादी प्रतिनिधिमूलक मूर्ति नेपाल प्रवेश गर्नुको कारकका रूपमा स्मारक मूर्तिहरू रहेका छन्। सुगौली सन्धिपश्चात् इस्ट इन्डिया कम्पनीसँग नेपालको राजनीतिक सम्बन्धका कारण नेपालले प्रथम विश्वयुद्धमा ब्रिटिस सरकारलाई सैन्य सहयोग गरेको थियो। सो युद्धमा बिसौं हजार नेपाली सेना हताहत भएका थिए। त्यस युद्धमा गोरखा सैनिकको बहादुरीका लागि बृटिस सरकारले भूमिको बदला रकम उपलब्ध गराएको थियो। ती बहादुर गोरखा सैनिकहरूको सम्मानमा देश विदेशका विभिन्न स्थानमा गोरखा सैनिक स्मारकहरू बनाइएका थिए। त्यसको ज्वलन्त उदाहरणका रूपमा काठमाडौंको त्रिभुवन-चन्द्र मिलिटरी अस्पताललाई लिन सकिन्छ।

## प्रारम्भिक सैनिक स्मारक मूर्ति

काठमाडौंको त्रिभुवन-चन्द्र मिलिटरी अस्पताल (हाल पुनःनिर्माण हुँदै) को धुरीमा बन्दुक बोकेर लम्किरहेका कुनै सैनिक जवानको मूर्ति रहेको छ। उक्त मूर्ति पश्चिमा प्रतिनिधिमूलक शैलीलाई पछ्याउँदै नेपाली मूर्तिकारले निर्माण गरेको पहिलो मूर्तिका रूपमा चिनिन्छ। धातु निर्मित उक्त मूर्तिका मूर्तिकार काठमाडौं यटखा टोलका रत्नबहादुर तुलाधर थिए। त्रिभुवन-चन्द्र मिलिटरी अस्पतालको निर्माण सन् १९२५ मा भएको थियो। यसको प्रमुख वास्तुकार इन्जिनियर किशोर नरसिंह राणा थिए। सन् १९२६ को सेप्टेम्बर महिना (वि. सं. १९८३, भदौ २४ गते, विहीबार) मा सो अस्पतालको उद्घाटन भएको थियो। उक्त मूर्ति पहिलो विश्वयुद्ध (सन् १९१४-१९१८) मा बेलायतका लागि नेपालका तर्फबाट युद्ध लडेका वीर नेपाली सैनिकहरूको स्मृतिमा स्थापना गरिएको थियो। सो युद्धमा बिस हजार जनाभन्दा बढी नेपाली सैनिकहरू हताहत भएका थिए।

सन्दर्भ तथ्य पुष्टिका लागि त्रिपुरेश्वर चोकमा श्री ५ त्रिभुवन वीरविक्रम शाहको पूर्णकदको सालिकलाई लिन सकिन्छ। उक्त सालिक ह्वाइट सिमेन्ट र मार्बल डस्टबाट निर्माण गरिएको छ। यसको पादपीठमा श्री ५ त्रिभुवनको राज्य कालमा भएका मुख्य कामहरूको विवरण उल्लेख गरिएका छन्। सो विवरणमा – 'सन् १९१४ सालको युरोपको महायुद्धमा मित्र ब्रिटिश सरकारलाई मद्दत गर्न हाम्रो फौज हिन्दुस्थान गएको र मौसुफ सरकारको विजय प्राप्त




*नेपाली मूर्तिकार रत्नबहादुर तुलाधरद्वारा निर्मित त्रिभुवन-चन्द्र मिलिटरी अस्पतालको धुरीमा राखिएको सैनिक जवानको मूर्ति*

भएपछि नेपाल फर्केको, यो फौजी मद्दतको कदरका निमित्त बृटिश सरकारबाट जमिनको सट्टा वार्षिक दश लाखको उपहार आएको, सन् १९२३ मा बृटिश सरकारसँग मित्रताका अहद भएको, फौजी हतियार गोली गट्ठा बनाउने कारखाना बनेको, बेलायतमा हाम्रो लिगेसन र नेपालमा बृटिश लिगेसन स्थापित गराई मुलुकको पूर्ण स्वतन्त्रताको परिचय र प्रचार भएको ...' आदि कुरा उल्लेख गरिएका छन्। यो मूर्ति एस. पौल (कलकत्ता) नाउँका कुनै भारतीय मूर्तिकारले बनाएको भनिएता पनि सो सम्बन्धमा स्पष्ट तथ्य प्रकाशमा आएको छैन। सन् २०१५ को विनाशकारी भूकम्पबाट क्षति भएको सो मूर्ति अद्यापि जीर्णोद्धारको पर्खाइमा छ। यस विवरणले नेपाली सैनिकहरूको बहादुरी र बेलायतसँग नेपालको सम्बन्धलाई पुष्टि गर्छ।

## प्रथम विश्वयुद्ध गोर्खा सैनिक स्मारक

सुगौली सन्धि हुनु अगाडि नेपालको क्षेत्रफल हालको भन्दा विशाल थियो। उक्त सन्धिपश्चात् नेपालका केही भूभाग भारत (तत्कालीन अङ्ग्रेज उपनिवेश) मा गाभिएको थियो। नेपालले प्रथम विश्वयुद्धको बेला करिब दुई लाखको हाराहारीमा सैनिकहरू पठाएको थियो। युद्धमा सफलता पनि मिलेको र नेपाली वीर सेनाले आफ्नो वीरता देखाएकाले ब्रिटिस सरकारले गोरखा सैनिकको पूर्णकदका मूर्तिहरू विभिन्न स्थानमा निर्माण गर्न लगाएको थियो। यस सन्दर्भमा सन् १९२४ मा बेलायतका मूर्तिकार रिर्चड रेगिनल्ड गौल्डेनले बनाएको फरेन एन्ड कमनवेल्थ अफिस, लन्डनमा राखिएको मूर्ति उल्लेखनीय छ। सोही मूर्तिका अनुकृतिहरू सन् १९२८ मा तत्कालीन नेपालको भूभाग कुनराघाट (हाल भारतको गोरखपुर) मा र सन् १९३० मा वीरपुर, देहरादुनमा राखिएका थिए (Wekipedia)। पछि सन् १९७५ मा उक्त स्मारक देहरादुनबाट हालको ३९ गोरखा ट्रेनिङ सेन्टर, वाराणसीमा स्थानान्तरण गरिएको थियो (SIR Kukri and Co.).

सन् १९९७, डिसेम्बर ३ तारिखमा लन्डन स्थित हर्स गार्डस् एभिन्यु, ह्वाइट हलमा महारानी एलिजावेथ



*मूर्तिकार फिलिप ज्याक्सनद्वारा निर्मित लन्डन स्थित हर्स गार्डस् एभिन्यु, ह्वाइट हलमा रहेको गोरखा सैनिक स्मारक*

द्वितीयाबाट अर्को गोरखा सैनिक स्मारकको अनावरण भएको थियो। यस मूर्तिका मूर्तिकार फिलिप ज्याक्सन थिए। उनले यस मूर्तिका लागि ब्रिटिस गोरखाका क्याप्टेन खिमकुमार लिम्बूलाई लाइफ मोडेल राखेका थिए (Wikipedia)। उल्लिखित तिन ओटै स्मारक मूर्तिहरूको पादपीठमा सर राल्फ लिले टर्नरको निम्न लिखित उद्गार कुँदिएको छ :

THE GURKHA SOLDIER
BRAVEST OF THE BRAVE
MOST GENEROUS OF THE GENEROUS
NEVER HAD COUNTRY
MORE FAITHFUL FRIENDS
THAN YOU

Professor Sir Ralf Turner MC

## नेपालमै निर्मित अरू सैनिक स्मारक मूर्तिहरू

नेपाली गोर्खा सैनिकको सम्मानमा स्मारक मूर्ति स्थापना गर्ने क्रममा सन् १९४५ मा भारतका प्रख्यात मूर्तिकार रामकिङ्कर बैजलाई नेपालमै बोलाई युद्ध स्मारकका लागि सैनिक जवानका चारओटा मूर्तिहरू निर्माण गर्न लगाइएको थियो। सो मूर्ति निर्माण कार्यमा उनका शिष्य शङ्खु चौधरीले सघाएका थिए (अन्तर्वाता : शङ्खु चौधरी, सन् २००२, दिल्ली)।

ती मूर्तिहरू टुँडिखेलको खरीको बोट रहेको मञ्चको चार कुनामा राखिएका थिए। सन् १९६३ मा सैनिक स्मृति मञ्चमा नेपाली मूर्तिकारहरूले बनाएका छओटा अरू धातुका मूर्तिहरू राखिएका थिए। ती धातुका मूर्तिहरू बाबुकाजी तुलाधर, बालकृष्ण तुलाधर र अमर चित्रकारले बनाएका हुन्। रामकिङ्कर बैजद्वारा पहिले बनाइएका युद्ध स्मारक मूर्तिहरू पनि हाल सैनिक मञ्चका चार छेउमा राखिएका छन्। सिमेन्ट माध्यममा बनाइएका यी मूर्तिहरू यथार्थवादी शैलीमा बनेका छन्। तिनमा सन्तुलन, शारीरिक अनुपातमा स्वभाविकता, भाव एवम् सैनिकका सबै लक्षणलाई कुशलतापूर्वक उतारिएको छ। रामकिङ्कर बैज सिमेन्ट माध्यममा विशेष दक्षता प्राप्त मूर्तिकारका रूपमा चिनिन्छन्।



*रामकिङ्कर बैजद्वारा निर्मित हाल सैनिक मञ्च, टुँडिखेलमा राखिएका सैनिक जवानहरूको मूर्तिमध्ये एक मूर्ति*

## विदेशमा निर्मित घोडचढी मूर्तिहरू

आधुनिक नेपाली मूर्तिकलाको प्रकरणमा राजकीय व्यक्तिहरूको घोडचढी प्रतिमाहरूले विशेष उल्लेखको अपेक्षा राख्छ। यस सन्दर्भमा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको सालिक विशेष उल्लेखनीय रहेको छ। यस सालिकको चर्चा गर्नु अगाडि कलकत्ताको चौरङ्गी रोडमा राखिएको (पछि भिक्टोरिया पार्कमा सारिएको) लेफ्टिनेन्ट जनरल जेम्स अटरमको घोडचढी प्रतिमाबारे पनि केही चर्चा आवश्यक हुन्छ। किनभने यो मूर्ति र नेपालका जङ्गबहादुर राणाको मूर्तिको आकार, संरचना, घोडाको आकृति र मूर्ति-पात्रको शारीरिक स्थित हुबहु एकै किसिमको देखिन्छ। केवल मुहार र पोसाक मात्र फरक रहेका छन्। कलकत्ताको मूर्तिको मूर्तिकार जोन हेनरी फोली थिए भने जङ्गबहादुरको मूर्तिका मूर्तिकार



*अङ्ग्रेज मूर्तिकार टामस ब्रोकद्वारा निर्मित राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको घोडचढी प्रतिमा*

टामस ब्रोक थिए। टामस ब्रोक हेनरी फोलीका शिष्य थिए। सन् १८७४ मा हेनरी फोलीको निधनपश्चात् उनका अधुरा कमिसन कार्यहरू उनका शिष्य टामस ब्रोकले पूरा गरेका थिए। सम्भवतः दुवै मूर्तिको डाई (साँचो) एउटै थियो।

दि भिक्टोरियन वेबमा उल्लेख भएअनुसार सन् १८६१ मा रोयल एकेडेमीमा जनरल जेम्स अटरमको प्रतिमा प्रदर्शन गरिएको थियो। त्यस मूर्तिको अनावरण बेलायतकी महारानीको जन्मदिनमा लर्ड नेपियरद्वारा गरिएको थियो। यो मूर्ति बनेको बिस वर्षपछि अर्थात् सन् १८८१ मा जङ्गबहादुर राणाको प्रतिमा लन्डनमा टामस ब्रोकले बनाएका थिए।

तुलनात्मक दृष्टिले अवलोकन गर्दा जेम्स अटरमको शिरमा श्रीपेच र शरीरमा राजकीय पोसाक छैन। शरीरमा लगाइएका कपडाका मुजाहरू भने मिल्छन्। जङ्गबहादुरको मूर्तिमा राजकीय पहिरन दृष्टिगोचर हुन्छ। दुवै प्रतिमामा जिउ र टाउकाले पछिल्तिर फर्केर हेरेका छन्। हाल जङ्गबहादुर राणाको मूर्तिमा रहेको श्रीपेच निकालिएको छ वा हराएको छ। तरवार भाँचिएकोले हालसालै नयाँ जोडिएको छ। दुवै मूर्तिमा घोडा भने दुरुस्त उस्तै देखिन्छ।

पुरुषोत्तम शमशेर जबराले आफ्नो पुस्तक 'श्री ३ हरूको तथ्य वृत्तान्त, भाग एक' मा उल्लेख गरेअनुसार श्री ३ जङ्गबहादुर राणाको घोडचढी मूर्ति सन् १८५०, सेप्टेम्बर २४ (वि. सं. १९०७, भदौ






*जोन हेनरी फोलीद्वारा निर्मित लेफ्टिनेन्ट जनरल जेम्स अटरमको घोडचढी प्रतिमा र फोलीका शिष्य टामस ब्रोकद्वारा निर्मित जङ्गबहादुर राणाको घोडचढी प्रतिमा*

१० गते) का दिन फ्रान्सको सटरीको मैदानमा फ्रान्सका तत्कालीन प्रेसिडेन्ट प्रिन्स लुई नेपोलियन तृतीयले देखाएको सेनाको एक लाख जवानको सैनिक परेड मार्चपास हेर्न घोडा चढी जाँदा घोडाले प्रोसेसन उछिनेर अगाडि बढ्दा घोडालाई नियन्त्रणमा ल्याई प्रोसेसन कति पछि प¥यो भनी जङ्गबहादुरले प्रोसेसनलाई फर्की हेरेको स्मरण गरी बनाउन लगाइएको प्रतिमा हो। सोही पुस्तकमा प्रकाशित एउटा तस्बिरमुनि यस्तो विवरण दिइएको छ – "वि. सं. १९४२, असार महिनामा सालिक शहीदगेटबाट धरहरा सुन्धारा र दशरथ रङ्गशालाबाट महाकाल स्थानतर्फ जाने चौबाटोको बिचमा स्थापित श्री ३ जङ्गको सालिक श्री ३ महाराज रणोद्दीप सिंहले उद्घाटन गर्दाको फोटो ... श्री ५ महाराजधिराज पृथ्वी र श्री ३ महाराज रणोद्वीप मञ्चमा र श्री ५ युवराज्ञी ललित राज्यश्वरी देवी झन्डावाल छ घोडे बग्गीमा स्व. श्री ३ जङ्गकी रानी महारानीहरू र श्री ३ रणोद्वीपकै रानी अरू बग्गीहरूमा छन्। स्व. प्र. से. धीर शमशेरका १७ भाइ छोराहरू बरखीको पोसाकमा छन्। फोटोमा : स्व. श्री ३ जङ्गको थापाथली दरबार, श्री ३ जङ्गको सालिक र नागस्थान समेत देखिएको छ।"

जङ्गबहादुरको यो प्रतिमा उनको निधन (सन् १८७७) भएको चार वर्षपछि (सन् १८८१) बनेको बुझिन्छ। पुरुषोत्तम शमशेरको पुस्तकमा उल्लेख भएअनुसार त्यस समारोहमा श्री ५ महाराजधिराज पृथ्वी, श्री ५ मुमा युवराज्ञी ललित, श्री ३ रणोद्वीपकी महारानीहरूका साथै स्व. श्री ३ जङ्गबहादुरकी जीवित महारानी, रानी र नानीहरूको समेत उपस्थिति थियो। जङ्गबहादुरको सालिक उद्घाटन कार्य सकेपछि श्री ३ रणोद्वीपसिंहको मूर्ति अनावरण कार्य भएको थियो। सो



*श्री ३ रणोद्वीपसिंहको घोडचढी सालिक*



*कमान्डर इन चिफ धीर शमशेरको घोडचढी सालिक*

मूर्ति रत्नपार्कबाट बागबजार घण्टाघरबाट भद्रकालीतर्फ जाने बिचमा राखी श्री ३ रणोद्वीपसिंह आफैँले नै उद्घाटन गरेको कुरा पनि उल्लिखित छ।

प्रमोद शमशेर राणा लिखित पुस्तक 'राणाहरूको वृत्तान्त'मा उल्लेख भएअनुसार रणोद्वीपसिंह महाराज भएपछि उनले पनि आफ्नो सालिक बेलायतमा बनाउन लगाएका थिए। यी दुवै सालिक तयार भई सन् १८८३ मा काठमाडौँ ल्याइएका थिए। यी दुवै मूर्ति तयार गरी काठमाडौँसम्म ल्याउन जम्मा ७०,००० रुपियाँ लागेको थियो। गिमलेटको पुस्तक 'नेपाल एन्ड नेपलिज' मा पनि यस सन्दर्भबारे उल्लेख गरिएको छ।

प्रमोद शमशेर राणाको पुस्तक (पृ. १२३) मा सन् १८८५, मार्च २५ का दिन टुँडिखेलमा भव्य समारोह आयोजना गरिएको थियो। यहाँ पुरुषोत्तम शमशेर जबराको पुस्तक (पृ. २७९) मा उल्लेख भएको अनावरण मितिमा वि. सं. १९४२ असारले गर्दा केही महिनामा फरक पर्न गएको देखिन्छ।

त्यस्तै श्री ३ रणोद्वीपसिंहको घोडचढी मूर्ति वि. सं. १९१४ तदनुसार सन् १८५७/५८ मा भारतमा भएको गदरको स्मृतिमा बनाउन लगाइएको प्रतिमा हो। त्यस मूर्तिमा फुटेको तोप, भाँचिएको तोपको पाङ्ग्रा आदि देखाइएको छ भन्ने कुरा पनि 'श्री ३ हरूको तथ्य वृत्तान्त' मा उल्लेख गरिएको छ। यो मूर्ति उनी ५९ वर्ष ६ महिना पुगेको अवसरमा राखिएको थियो। श्री ३ रणोद्वीपसिंहको मूर्ति पनि बेलायतका मूर्तिकार टामस ब्रोकले नै बनाएका थिए।

श्री ३ चन्द्र शमशेर जबरा (सन् १८६३-१९२९) पाँचौँ राणा प्रधानमन्त्री थिए। उनको घोडचढी मूर्तिको पादपीठमा कुँदिएका रिलिफ मूर्तिहरूमा उनका कामहरूको विवरण दिइएका छन्। यी रिलिफ आकृतिहरू पश्चिमा यथार्थवादी शैलीमा रचना गरिएका छन्। तिनमा तत्कालीन नेपाली समाजको सजीव झलक देख्न सकिन्छ। आकृतिहरूको शारीरिक अनुपात, पहिरन, रहनसहन, घर, खेत, खोलानाला, पुल पुलेसो, विद्युत्, कृषि, पहाड आदिमा नेपाली सामाजिक परिवेशका विविध पक्षहरूलाई चित्रण गरिएका छन्। मूर्तिमा त्रिभुवन-चन्द्र सैनिक अस्पताल लगायत अस्पतालको धुरीमा राखिएको सैनिकको आकृति समेत दुरुस्त अङ्कन गरिएको छ। धातुमा ढलाइ गरिएका यी रिलिफ मूर्तिलाई पश्चिमा यथार्थवादी शैलीको प्रवेशको मानकका रूपमा लिन सकिन्छ।

श्री ३ जुद्ध शमशेरको घोडचढी मूर्तिको उद्घाटन वि. सं. २००५ साल जेठ ३१ गते आइतबारका दिन भएको थियो। मूर्तिको बैठकमा उनले गरेका कामहरूको विवरण कुँदिएका छन्। हाल यो मूर्ति भद्रकालीको पश्चिम दक्षिणतर्फ पर्ने सैनिक मुख्यालय परिसरमा राखिएको छ।

कमान्डर इन चिफ धीर शमशेर जबराको घोडचढी मूर्ति सन् १८९४ मार्च १० मा अनावरण गरिएको थियो।



*श्री ३ चन्द्र शमशेरको घोडचढी सालिक*

हाल यो मूर्ति टुँडिखेल सैनिक मञ्चको महाकाल, वीर अस्पताल अगाडितर्फ रहेको छ। पहिले न्युरोड गेट अगाडि चोकमा राखिएको थियो। कमान्डर इन चिफमध्ये धीर शमशेरको मात्र घोडचढी सालिक बनेको बुझिन्छ। वीर शमशेरको घोडचढी मूर्ति सन् १९०७ अप्रिल २८ मा अनावरण गरिएको थियो। हाल यो सालिक विद्युत् प्राधिकरण अगाडि टुँडिखेल सैनिक मञ्चको पूर्वपट्टि छेउमा राखिएको छ।

महाराज चन्द्र शमशेर, महाराज जुद्ध शमशेर राणा र महाराजाधिराज पृथ्वी वीरविक्रम शाह लगायतका घोडचढी मूर्तिहरू बेलायतबाटै बनेर आएका थिए। विदेशमा बनाउन लगाइएका वजनदार सालिकहरू अमलेखगञ्जबाट बोकाएर ल्याउने कार्य त्यति सजिलो नभए पनि अर्को विकल्प पनि थिएन। यस सन्दर्भमा वि. सं. १९६८, मङ्सिर २५ गते दिवङ्गत भएका पृथ्वी वीरविक्रमको विदेशमा बनाइएको सालिक अमलेखगञ्ज ल्याइपुऱ्याएपछि त्यसलाई काठमाडौँ ल्याउन चुरे टनेल माथिल्लो बाटोको प्रयोग गरिएको थियो। सो सालिक ल्याउन चार सय व्यक्तिलाई परिचालन गरिएको थियो। प्रत्येक व्यक्तिलाई दैनिक ४० पैसा ज्यालाका लागि रु. १४० श्री ३ बाट निकासा भएको थियो। चुरेको टनेल माथिल्लो बाटोबाट सालिक काठमाडौँमा ल्याउनलाई बाटो तयार गर्न यिनै चार सय व्यक्तिलाई उपयोग गरिएको थियो। वि. सं. १९८५, चैत २२ गते सो सम्बन्धी भएको खर्च सदर गरिएको थियो (भौकाजी, माघ २०६३:८७)।

घोडचढी मूर्तिहरू भने नेपालमा बनाइएका थिएनन्। केही सालिकहरू निर्माणका लागि भारतबाट मूर्तिकार बोलाएर पनि मूर्ति बनाउन लगाइएको थियो। राणा कालमा मूर्ति बनाउने काम गर्न नेपाल आउने लखनउका हिरालाल सिं एक मात्र विदेशी मूर्तिकार कामदार थिए । उनलाई तत्कालीन राणा प्रधानमन्त्रीले मुहार सहितको अर्धकदको मूर्ति नेपालमा नै तयार गराउने उद्देश्यले माटोबाट व्यक्तिको मुहारमूर्ति बनाउन लगाउन काठमाडौँमा झिकाइएका थिए। उनलाई वि. सं. १९३७ साल, चैत २१ गतेदेखि तलब पाउने हिसाबमा मासिक कम्पनी रु. १०० दिने गरी एक वर्षको लागि कम्पनी रु. १,२०० ठेकी नियुक्त गरिएको थियो तर धेरै समय उनले नेपालमा काम गरेनन् (भौकाजी, माघ २०६३:८५)।

हिरालाल सिंले कुन मूर्ति बनाएका थिए भन्नेबारे केही स्पष्ट छैन। अर्को मूर्तिकार कलकत्ताका एस. पौल पनि नेपाल आएर मूर्ति बनाएका थिए भन्ने सुनिन्छ। त्रिपुरेश्वरको श्री ५ त्रिभुवन वीरविक्रम शाहको ह्वाइट सिमेन्ट र मार्बल डस्टबाट निर्मित मूर्ति यिनै एस. पौलले बनाएका थिए भन्ने गरिन्छ। यस सम्बन्धमा पनि थप अनुसन्धान गर्नुपर्ने देखिन्छ। त्यस्तै जुद्ध बारुण यन्त्र र विशालबजार अगाडि चोकको जुद्ध शमशेरको मूर्ति बेलायतबाट ल्याइएको थियो वा नेपालमै बनाइएको थियो भन्नेबारे कुनै यकिन हुन सकेको छैन।



*टुँडिखेल सैनिक मञ्चमा राखिएका छओटा मूर्तिहरूको समूह*

## राणा कालपछि निर्मित सामूहिक स्मारक मूर्ति

सैनिक मञ्चको बिच अग्र भागमा राखिएका छओटा मूर्तिहरूको समूह तिनजना नेपाली मूर्तिकारहरूले निर्माण गरेका हुन् । यी मूर्ति बनाउने मूर्तिकारहरू बाबुकाजी तुलाधर, बालकृष्ण तुलाधर र अमर चित्रकार हुन् । यस स्मारकमा बालकृष्णले तराईबासी र पहाडबासी, बाबुकाजीले शाही सैनिक र प्रहरी जवान तथा अमर चित्रकारले कृषक र राष्ट्रिय झन्डा बोकेका योद्धा बनाएका हुन् भनी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित र सत्यमोहन जोशीद्वारा लिखित 'नेपाली धातु मूर्तिको विकासक्रम' (पृष्ठ ४३) मा उल्लेख गरिएको छ । यो कुरा वि. सं. २०७४, भदौ १२ गते अन्तर्वाताका क्रममा बालकृष्ण तुलाधरले पनि स्वीकार गरेका थिए । हाल स्थलगत अध्ययन गर्दा नेपाली झन्डा अलगै ठड्याइएको छ र सँगैको सैनिकले दुवै हातले खुकुरी प्रदर्शन गरेका छन् । अर्को सैनिकले हातमा खुकुरी माथि उठाएका छन् । उक्त मूर्ति निर्माण कार्यमा संलग्न रहेका मूर्तिकार बालकृष्ण तुलाधर अहिले पनि मूर्ति सिर्जन कार्यमा क्रियाशील छन् । उनीसँग त्यसबारे गरिएको अन्तर्वार्तामा यी सबै मूर्तिहरू आफूले बनाउने अर्डर पाएको तर पछि बालकृष्ण सम मार्फत चिफसाबसँग कुरा भएछ र मिलेर बनाउनू भनेकाले त्यो समय दुई भाइ भएकाले चारओटा बाबुकाजी र बालकृष्ण तुलाधर र दुईओटा अमर चित्रकारलाई भाग लगाई बनाउन लगाइएको थियो । यी मूर्तिहरू सन् १९६३ मा बनेका हुन् ।

अमर चित्रकारको पहिलो मूर्ति रानीपोखरी अगाडि अवस्थित दरबार हाइस्कुलको पूर्वपट्टि रहेको आदिकवि भानुभक्तको आवक्ष मूर्ति थियो। त्यस्तै शहीदगेटको श्री ५ त्रिभुवन र चारजना शहीदका मूर्तिहरू बनाउने कार्यादेश रत्नबहादुले पाएका थिए। त्यो पूर्ण हुनु अगाडि नै उनको निधन भएपछि दुई भाइले पूर्ण गरेका थिए। वास्तवमा मूर्ति रत्नबहादुरले नै बनाइसकेका थिए र ती मूर्तिलाई स्थापन मात्र बालकृष्ण तुलाधर आफूले गरेको स्वीकार्छन्। यी मूर्तिमा जथाभावी रङ पोतिएका छन्।

यस बाहेक विभिन्न मूर्तिहरूमा सिंहदरबारको सिंह, पशुपति क्षेत्रभित्र रहेको श्री ५ महेन्द्र वीरविक्रम शाहको सालिक, पद्मोदय हाइस्कुलमा रहेको पद्म शमशेरको अर्धकदको सालिक पनि रत्नबहादुरले नै बनाएको बुझिन्छ। प्रसूति गृहमा रहेको इन्द्रराज्य लक्ष्मीदेवी शाहको अर्धकदको मूर्ति पनि उनले नै बनाएका थिए।

रत्नबहादुर तुलाधर नक्खुको ढलान कारखाना (कास्ट आइरन ढलान कारखाना) मा काम गर्थे। त्यही कारखानामा सिंहदरबारको फलामे गेट ढलान गरिएको थियो। त्यस कारखानालाई पछि जेलमा परिणत गरिएको थियो। त्यसका लागि काठका डिजाइन जमल स्थित सांस्कृतिक संस्थान भएको स्थानमा बनाई पास भएपछि नख्खु कारखानामा लगेर स्यान्ड कास्टिङ गरिन्थ्यो (अन्तर्वार्ता : बालकृष्ण तुलाधर)। यसरी नेपालमा आधुनिक मूर्तिकलाका आधार उल्लिखित स्मारक मूर्तिहरूसँग जोडिएको देखिन्छ।

## निष्कर्ष

परम्परागत नेपाली मूर्तिकलामा आधारित केही सालिकहरू पाइएका छन्। काठमाडौँको त्रिभुवन-चन्द्र मिलिटरी अस्पताल को धुरीमा रहेको सैनिक जवानको मूर्ति पश्चिमा प्रतिनिधिमूलक शैलीलाई पछ्याउँदै नेपाली मूर्तिकारले निर्माण गरेको पहिलो मूर्तिका रूपमा चिनिन्छ। राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको युरोप यात्रापछि नेपाली कलाका क्षेत्रमा पनि पश्चिमा शैलीले प्रभाव पार्न थालेको थियो। राणा शासकहरूले पनि विदेशमा राखिएका जस्तो अर्धकद, पूर्णकद र घोडचढी स्मारक सालिकहरू बनाउन लगाउन थालेका थिए। फलस्वरूप राणा प्रधानमन्त्रीहरू जङ्गबहादुर राणा, रणोद्वीपसिंह, वीर शमशेर, चन्द्र शमशेर, जुद्ध शमशेर, कमान्डर इन चिफ धीर शमशेर तथा महाराजाधिराज पृथ्वी वीर विक्रम शाहका घोडामा आरुढ स्मारक मूर्तिहरू विदेशमा बनाउन लगाई यहाँ स्थापना गरिएका थिए। त्यस्तै अर्धकद र पूर्णकदका सालिकहरू पनि उल्लेख्य सङ्ख्यामा बनेका थिए। विदेशी मूर्तिकारहरूलाई बोलाई नेपालमै सैनिक स्मारकका लागि मूर्तिहरू बनाउन लगाइएका थिए। धातु, प्रस्तर, काठ आदि परम्परागत माध्यममा मूर्ति रचना गर्ने प्रचलनलाई पनि क्रमभङ्ग गर्दै सिमेन्ट, प्लास्टर अफ पेरिस जस्ता माध्यममा पनि मूर्ति रचना गरिन थालेको देखिन्छ। यसको प्रभाव पछि आउने समसामयिक शैलीका मूर्तिकलामा पनि पर्न गएको देखिन्छ।

## सन्दर्भ सूची


जबरा, पुरुषोत्तम शमशेर, *श्री ३ हरूको तथ्य वृत्तान्त, भाग एक,* पाँचौ सं. काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार, २०७२

जोशी, सत्यमोहन, *नेपाली धातु मूर्तिको विकासक्रम,* काठमाडौँ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२५

भौकाजी, रामकुमार, *गौरवमय परम्परा गन्तव्यहीन वर्तमान,* शारदा मासिक (वर्ष १ नवाङ्क, २०६३ माघ)

राणा, प्रमोद शमशेर, *राणा शासनको वृत्तान्त,* काठमाडौँ, पैरवी बुक हाउस, २०७०

सिंह, नारायणबहादुर, *समसामयिक नेपाली चित्रकलाको इतिहास,* काठमाडौँ, नेपाल, राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३

Mago, Pran Nath, *Contemporary Arts in India: a Perspective,* New Delhi, National Book Trust, India 2001.

Malla, Mukesh and Bajracharya, Saroj, *A Concise Introduction to Nepali Modern Sculpture,* Kathmandu, Nepal Academy of Fine Arts, 2014.

Parimo, Ratan, *Studies in Modern Indian Art,* New Delhi, Kanak Publications, India, 1975.

*Tuladhar, Balkrishna, Interview*, Om Khattri, Portrait Sculpture, 08.28. 2017

Tuladhar, Kamal Ratna, *Keep on Marching,* Printed edition: 2015-05-09, The Kathmandu Post.ekantipur.com/printedition/news/2015-05-08 keep-on-marching.html

historylessonnepal.blogspot.com/2011/07/bronze-warriors-for-ever.html

https//en.wikipedia.org.wiki/Thomas_Brock

www.victorianweb.org/sculpture/Folly/obobituar.html

www.victorianweb.org/sculpture/index.html



*ओम खत्री*

*सन् १९६९ मा बागलुङमा जन्मेका ओम खत्री अन्तर्राष्ट्रिय स्तरमा स्थापित आधुनिक नेपाली मूर्तिकारका रूपमा सुपरिचित छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा आयोजित अनेकौँ मूर्ति कार्यशाला र गोष्ठीहरूमा भाग लिइसकेका खत्री समसामयिक नेपाली मूर्तिकारहरूको संस्था 'आरम्भ' का संस्थापक अध्यक्ष हुन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ परिषद्को सदस्य रहिसकेका उनी हाल ललितकला क्याम्पस, त्रि. वि. मा उपप्राध्यापकका रूपमा कार्यरत छन् ।*